# 6 切迫流産・切迫早産

# (गर्भ तुहिने र महिना नपुगि जन्मिने खतरा)



## 切迫流産

流産になりそうですが、流産にはなってはいない状態のことをいいます。妊娠22週未満に、出血があったり、お腹が痛くなったり、などの症状がありますが、妊娠は継続できるかもしれないと判断されている状態です。

## गर्भ तुहिने खतरा

यो गर्भपतन हुने जस्तो संकेत देखिएको, तर गर्भपतन भई नसकेको अवस्था हो। गर्भावस्थाको २२ औं हप्ता अघि, रक्तस्राव र पेट दुखाइ जस्ता लक्षणहरू देखिएका छन्, तर गर्भावस्था जारी रहन सक्छ भन्ने निर्णय गरीएको अवस्था हो।

## 切迫流産の治療

妊娠12週までは流産に有効な薬はないといわれているので、治療は安静が原則です。

## संभावित गर्भपतनको उपचार

गर्भावस्थाको १२ औं हप्ता सम्म गर्भपतन रोक्ने कुनै प्रभावकारी औषधी छैन भनिन्छ, त्यसैले यस्को उपचार सामान्यतया आराम गर्नु हो।

## 切迫早産

早産になりそうですが、早産にはなってはいない状態のことをいいます。妊娠22週以降に、お腹が何度もはったり、お腹がはるときに痛みがあったり、膣から出血したりなどの症状がある状態ですが、それらの症状がなくても子宮の出口が開いたり、頸管長という子宮の出口の長さが短くなって、切迫早産と診断される場合もあります。なかには、破水して早産になってしまうこともあります。つまり、**「赤ちゃんが生まれるにはまだ早い時期に生まれてきそうな状態」**のことをいいます。

## महिना नपुगि बच्चा जन्मिने खतरा

यो महिना नपुगि बच्चा जन्मिन लागेको, तर समय भन्दा पहिले बच्चा जन्म भइनसकेको अवस्था हो। गर्भावस्थाको २२ औं हप्ता पछि, धेरै चोटि पेट संकुचन हुन्छ, पेट संकुचन हुँदा दु:ख्छ, योनीबाट रगत बग्छ भने र यी लक्षणहरू बिना पनि, पाठेघरको मुख खुल्ने तथा पाठेघरको मुखको लम्बाई छोटो भएर महिना नपुगि बच्चा जन्मिने खतरा हुन सक्छ। केहि अवस्थाहरूमा, पानी (सालनाल) फुटेर महिना नपुगि जन्म हुन सक्छ। अर्को शब्दमा, "बच्चा महिना नपुगि नै जन्मिने संभावित अवस्थालाई" समय भन्दा पहिले बच्चा जन्मिने खतरा अवस्था भनिन्छ।

## 切迫早産の治療

治療は、安静入院が原則で、お腹のはりを止めるための薬を点滴します。外来では、飲み薬を使用することもあります。また、膣の感染が原因と判断されたときは、抗菌薬を使用することもあります。お腹がはっていないのに子宮の出口が開いていってしまう場合は、手術で子宮の出口をしばることもあります。

## महिना नपुगि बच्चा जन्मिने अवस्थाको उपचार

यसको उपचार सामान्यतया अस्पतालमा भर्ना भएर आराम लिनु हो। पेटको संकुचनलाई रोक्नको लागि इन्ट्राभिनस (IV) थोपाबाट औषधी दिइन्छ। अस्पताल भर्ना भएको छैन भने खाने औषधी पनि दिइन्छ। यदि पाठेघरको मुख अझै खुला छ भने अप्रेसनको माध्यमबाट पाठेघरको मुख बन्द गरिन्छ।



お腹のはりを止めるお薬を使用すると動悸がしたり、体 が熱くなったり、手がふるえたり、などの副作用が出ることが多いのですが、だんだん症状 はかるくなっていきます。

とくに妊娠34週未満の場合、もし赤ちゃんが生まれたら、まだ自分では十分に呼吸ができないので、入院してお腹のはりを止める薬を点滴しますが、早く生まれた小さい赤ちゃんが入院できる施設(新生児集中治療室:Neonatal Intensive Care Unit: NICU)がある病院にうつらなければならないこともあります。





पेटको संकुचनलाई रोक्ने औषधी दिईएको छ भने, प्रायः यस्ता साइड इफेक्टहरू देखापर्न सक्छ,  जस्तै धुकधुकी बढ्ने, शरीर तातो हुने, हात काप्ने, आदि। तर ती लक्षणहरू बिस्तारै सामान्य भएर जान्छन।

विशेष गरी गर्भ ३४ हप्ता भन्दा कम छ, र यदि बच्चा जन्मिएको छ भने, उनी आफैंमा पर्याप्त सास फेर्न सक्षम हुने छैनन्, त्यसैले अस्पतालमा भर्ना गर्नु पर्छ र पेटको संकुचनलाई रोक्ने औषधी दिनु पर्छ। तर अस्पताल जाँदा महिना नपुगि जन्मेको शिशुको उपचार गर्न सक्ने (नवजात शिशुको सघन उपचार कक्ष: Neonatal Intensive Care Unit: NICU) सुबिधा भएको अस्पतालमा जानु पर्ने हुन्छ।

